प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

# दैनिक गतिविधि

फ्याक्सः ०६१-५२०३३०
टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३५०
PHEOC: ०६१-५२४०७४

Website: http://hd.gandaki.gov.np/

जेष्ठ ६, २०७७

Email Address: hd.gandaki@gmail.com







गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङज्यू, ६ जना मन्त्रीज्यूहरु, मन्त्रालयका सचिव, कर्मचारी सहित पिएसओ, सुरक्षाकर्मी गरी १ सय ४६ जनाको स्वाब PCR परीक्षणका लागी संकलन गरिएको छ । सभामुख सहित अन्य सदस्यको भोली बुधबार स्वाब संकलन गर्ने तयारी छ । संसदको बजेट अधिवेशन जेठ ११ गते आह्वान गरिएको हुनाले संक्रमण नहोस भनी परीक्षण गर्न लागिएको हो ।





नेपाली सेनाले सोमबार लमजुङ जिल्ला सामुदायिक अस्पताल परिसरमा कोरोना भाइरसको संक्रमण बढेपछि गरिने विभिन्न क्रियाकलाप सम्बन्धी डेमो देखाएको छ ।

लमजुङको उदीपुरस्थित श्रीजंग गणका सुरक्षाकमीले कोरोना संक्रमितको शव व्यवस्थापन सम्बन्धी डेमो प्रदर्शनी गरेका हुन् । सेनाले कोरोना भाइरस संक्रमण बढेपछि सुरक्षाकमी एवं स्वास्थ्यकमीले लगाउने व्यक्तिगत सुरक्षा सामग्री (पिपिई) को प्रयोग गर्ने तरिका, कोरोना भाइरस संक्रमित फेला परेपछि अस्पतालसम्म लैजाने तरिका, कोरोना भाइरसबाट मृत्यु भए उक्त शवलाई अस्पतालबाट अन्तिम संस्कार स्थलसम्म लैजानका लागि अपनाउनुपर्ने विधिलगायतमा डेमो देखाएका थिए ।







आज सामाजीक विकास मन्त्रालयमा माननीय मन्त्री नरदेवी पुन मगरज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, महाशाखा प्रमुखहरु लगायत अन्य सरोकारवालाहरु सम्मिलित एक बैठक सम्पन्न भएको छ । बैठकमा पिसिआर परीक्षण, केस म्यानेजमेण्ट लगायत अन्य विषयमा छलफल सम्पन्न भएको थियो । बैठकको सहजीकरण स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपतकालिन कार्यसंचालन केन्द्रका संयोजक नवराज शर्माले गनुभएको थियो भने विश्व स्वास्थ्य संगठनका डा. राजिव लालचनले जिल्ला अस्पतालहरुमा जटिल अवस्थाका विरामीहरुको हेरचाह र व्यवस्थापन गर्नको लागी स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान गर्ने विषयमा समेत प्रस्तुतीकरण भएको थियो ।

